नेपाल सरकार

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# निजी तथा सामुदायिक अस्पताललाई कोभिड-१९ परीक्षणका लागि आर.डी.टि बाट परीक्षण गर्न अनुमति दिने सम्बन्धी अन्तरिम निर्देशिका- २०७७

### (स्वीकृत मिति २०७७/०२/०२)

१) आर.डी.टि. बाट परीक्षण गर्न इच्छुक निजि तथा सामुदायिक अस्पतालहरू प्रचलित कानुन अनुरूप स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा अन्तर्गतका निकायमा दर्ता भई नवीकरण गरेको हुनुपर्नेछ ।

२) अस्पतालले आर.डी.टि. परीक्षणका लागि उपत्यका भित्रका स्वास्थ्य संस्थाहरूले स्वास्थ्य सेवा विभागबाट अनुमति लिनुपर्नेछ र उपत्यका बाहिरका स्वास्थ्य संस्थाहरूले सम्बन्धित प्रदेश स्वास्थ्य निर्देशनालयबाट अनुमति लिनुपर्नेछ ।

३) आर.डी.टि. परीक्षण गर्न चाहने अस्पतालहरूले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले ***अनुसूची १*** मा सुचिकृत गरेको आर.डी.टि. मात्र प्रयोग गर्न सक्नेछन् ।

४) सूचीकृत नभएका आर.डी.टि. प्रयोग गर्न चाहेमा सम्बन्धित अस्पतालले आवश्यक कागजात सहित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा निवेदन दिनुपर्नेछ र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले त्यस्ता कागजातको मुल्यांकन गरी सुचिकृत गरेपछि मात्र प्रयोग गर्न सकिनेछ ।

५) आर.डी.टि. परीक्षण अस्पताल प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

६) आर.डी.टि. परीक्षणको नतिजा पोजिटिभ आएमा RT-PCR गर्न रिफर गर्नुपर्नेछ ।

७) आर.डी.टि. परीक्षणको अभिलेखीकरण चुस्त दुरुस्त राख्नु पर्नेछ र आर.डी.टि. परीक्षणको प्रतिवेदन दैनिक रूपमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पेश गर्नु पर्नेछ ।साथै जनस्वास्थ्य प्रयोजनका लागि इपिडेमिओलोजी तथा रोग नियन्त्रण महाशाखाले माग गरे बमोजिम सूचनाहरू उपलब्ध गराउनु पर्नेछ ।

८) आर.डी.टि. परीक्षणको शुल्क खरिद मूल्यको २०% (बीस प्रतिशत) नबढ्ने गरी लिन पाइनेछ ।

# अनुसूची १

List of approved (according to evaluation based on paper evaluation as per provided kit package insert) COVID 19 Rapid Diagnostic test kit.

| SN | Company | Test specification / Kit Name |
|---|---|---|
| 1 | Beijing Lepu Medical Technology (China) | SARS-CoV-2 Antibody test (colloidal gold Immunochromatography- ICT). |
| 2 | Beijing Kewei Clinical diagnostic Reagent Inc. (China) | Covid -19 IgM & IgG (one step test device) |
| 3 | Beijing Wantai Biological Pharmacy Enterprise Co. Ltd. (China) | Diagnostic kits for SARS-CoV-2 Virus ( Covid-19) wantai |
| 4 | Biocan Diagnostic Inc ( Canada) | Tell me Fast Rapid diagnostic kit |
| 5 | Cellex Inc (USA) | Cellex qSARS-CoV-2 IgM & IgM Rapid test |
| 6 | Nanjing Vazyme Biotech Co. Ltd. ( China) | 2019-nCoV IgM & IgG detection kit |
| 7 | Panbio TM, Abott (China ), | Covid 19 IgM/ IgG Rapid test device |
| 8 | Shanghai Liong Run Biomedicine Technology Co. Ltd. (China) | Antibody IgM & IgG of Novel Corona Virus COVID-19 |
| 9 | Zhuhai Livzon Diagnostic Inc (China) | Diagnostics Kit For IgM & IgG antibody for corona virus |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला
टेकु, काठमाण्डौ
२०५०

**Updated On: 2077/01/14 (April 26th 2020)**